यो आकाशवाणी हो।

**sat-18-10-15**

मुख्य समाचार।

- प्रधानमन्त्रीले धनतेरसको अवसरमा सबैको खुशी, समृद्धि र राम्रो स्वास्थ्यको गर्नुभयो कामना
- जीएसटी two point ओ सुधारले देशको अर्थव्यवस्थालाई ठूलो बढ़ावा दिएको केन्द्रीय वित्त मन्त्रीको भनाई
- **स्लोवेनिया -को सुरम्य शहर** Blade-लाई संयुक्त राष्ट्रको पर्यटन एजेन्सीले आधिकारिक रूपमा यस वर्षको विश्वको सर्वश्रेष्ठ पर्यटन गाउँको रूपमा गर्यो नामाङ्किकत , अनि
- बिहार विधानसभा चुनाव र सात राज्यहरूको आठ सीटको उपचुनावका दिन सबै कर्मचारी, **सवेतनिक** अवकाशका हकदार हुने निर्वाचन आयोगले गर्‍यो घोषणा

**प्रधानमन्त्री-धनतेरस**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज धनतेरसको अवसरमा मानिसलाई शुभकामना दिनुभयो । श्री मोदीले सोशल मीडिया पोस्टमा यस अवसरमा सबैको खुशी, समृद्धि र राम्रो स्वास्थ्यको कामना गर्नुभयो। उहाँले, भगवान धनवन्तरीको आशीर्वाद सबै नागरिकहरूमा बनि रहनेछ भन्नेर आशा व्यक्त गर्नुभयो।

**प्रधानमंत्री - नक्सलवाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले जोड दिँदै भन्नुभयो , देशबाट नक्सलवाद र माओवादी हिंसा छिट्टै समाप्त हुनेछ । उहाँले भन्नुभयो , पछिलो एघाह्र सालमा **माओवादी** आतंकवादसंग निपट्नका लागि ठोस प्रयास गरिएको छ । श्री मोदीले हिजो नयाँ दिल्लीमा एउटा वैश्विक सम्मेलनमा यसो भन्नुभएको हो ।

26 बिहार अमित शाह

वरिष्ठ भारतीय जनता पार्टीका  नेता र केन्द्रीय गृह मन्त्री अमित शाहले आज लोक जनशक्ति पार्टी (रामविलास) का अध्यक्ष **चिराग पासवान** संग भेटघाट गर्नुभयो। पटनामा, दुबै नेताले संयुक्त प्रचार अभियान र बिहार विधानसभा चुनाव संग जोड़ीएका केही मुद्दामा  चर्चा गर्नुभयो । यस अघि, अमित शाहले बिहारका मुख्यमन्त्री र जनता दल **यूनाइटेड-** का अध्यक्ष नीतीश कुमार संग पनि मुख्यमन्त्री आवासमा भेट गर्नुभयो । अमित शाह तीन दिवसीय बिहार यात्रामा हुनुहुन्छ।

22 जीएसटी-पीसी

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारामनले भन्नुभयो, जी.एस.टी two point ओ सुधारले देशको अर्थव्यवस्थालाई ठूलो बढ़ावा दिएको छ। त्यसै कारण चाडर्वको समयमा **इलेक्ट्रोनिक्स, अटोमोबाइल** र उपभोक्ता वस्तु जस्तो  प्रमुख क्षेत्रहरूमा रेकर्ड बिक्री भएको छ । उहाँले आज नयाँ दिल्लीमा सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्णव र वाणिज्य एवं उद्योग मन्त्री पीयूष गोयलका साथ संयुक्त संवाददाता सम्मेलनलाई  सम्बोधन गर्नुभयो । वित्त मन्त्रीले भन्नुभयो, जीएसटी दरहरूमा कटौतीको लाभ आम आदमी सम्म पुग्दैछ । यस अवसरमा सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, यस वर्ष नवरात्रि उत्सवमा रेकर्ड बिक्री दर्ता गरिएको छ।

Byte- aswini bachat utsav

उहाँले भन्नुभयो, जी.एस.टी सुधारका कारण खाद्य पदार्थको मूल्य कम हुँदैछ। उहाँले भन्नुभयो, इलेक्ट्रोनिक्सको बढ्दो मांगको सीधा लाभ इलेक्ट्रोनिक्स विनिर्माण उद्योगलाई मिलिरहेकोछ। जीएसटी बचत उत्सवमा, वाणिज्य एवं उद्योग मन्त्री पीयूष गोयलले भन्नुभयो, नवरात्रिमा वाहनहरूको बिक्रीमा उछाल आएको छ र इलेक्ट्रोनिक्स क्षेत्रले पनि सबै रेकर्ड तोड़ेकोछ।

## 33 राजनाथ-ब्रह्मोस

रक्षा मन्त्री राजनाथ सिंह र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले आज लखनऊ स्थित Brahmos एयरोस्पेस इकाईमा निर्मित Brahmos मिसाइलहरूको पहिलो खेपलाई प्रस्थान गराउनुभयो। यस अवसरमा रक्षा मन्त्रीले भन्नुभयो ब्रह्मोस, केवल एउटा मिसाइल नभएर यो देशको बढ्दो स्वदेशी क्षमताहरूको प्रतीक हो। उहाँले भन्नुभयो , ब्रह्मोसमा एउटा पारम्परिक वारहेड, एउटा उन्नत निर्देशित प्रणाली छ र यसले सुपर सोनिक गतिले लामो दूरी सम्म वार गर्नसक्छ।

## पंजाब- राज्यपाल

पंजाबका राज्यपाल गुलाब चन्द कटारियाले भन्नुभयो, केन्द्रिय अन्वेषण **ब्यूरो-सी.बी.आईको रोपड़ रेन्जका** पुलिस **उपमहानिरीक्षक हरचरण सिंह भुल्लर-लाई** भ्रष्टाचारको मामिलामा गिरफ्तार गर्नु एउटा चेतावनी हो। राज्यपालले हिजो नाभामा मीडिया संग बातचीतमा भन्नुभयो, यो दुर्भाग्यपूर्ण हो र प्रशासनिक तन्त्रलाई आत्मचिन्तन गर्नु आवश्यक छ। राज्य सरकारको भ्रष्टाचार विरूद्धमा कुनैपनि सहनशिलता नअपनाउने नीति ,अपनाउने बीच रिश्वत माग्ने र स्वीकार गर्ने आरोपमा पुलिस उपमहानिरिक्षक भुल्लरको गिरफ्तारी चकित पार्ने प्रकारकोछ। उहाँको चण्डीगढ़ स्थित घरबाट सात करोड़ रुपियाँ भन्दा धेरै नकदी, ढाई किलोग्राम आभूषण, हथियार र गोला-बारूद बरामदम गरिएकोछ।

**जितेन्द्र-नैफिथ्रोमाइसिन**

विज्ञान र प्रौद्योगिकी मन्त्री डा. जितेन्द्र सिंहले भन्नुभयो, भारतले आफ्नो पहिलो स्वदेशी एन्टीबायोटिक **नेफिथ्रोमाइसिन** विकसित गरेको छ । आज नयाँ दिल्लीमा एउटा चिकित्सा कार्यशालाको उद्घाटन गर्दै उहाँले भन्नुभयो, यो एन्टीबायोटिक प्रतिरोधी श्वसन संक्रमणलाई खतम गर्नका लागि हो अनि विशेष रूपले केन्सर रोगीहरू र कम नियन्त्रित मधुमेह रोगीहरूका लागि प्रभावी छ ।

**13 सर्वश्रेष्ठ पर्यटन गांव - 2025**

**स्लोवेनिया-को सुरम्य** शहर Blade-लाई संयुक्त राष्ट्रको पर्यटन एजेन्सीले आधिकारिक रूपमा यस वर्षको विश्वको सर्वश्रेष्ठ पर्यटन गाउँको रूपमा नामांकित गरेकोछ। यसले स्थायी, समुदाय-आधारित पर्यटनका  प्रति यसको प्रतिबद्धतालाई मान्यता दिन्छ । आफ्नो **हिमनद झील, द्वीप चर्च र मध्ययुगीन चट्टानको** महलका लागि प्रसिद्ध, Blade- जिम्मेवार पर्यटनलाई बढ़ावा दिँदै प्राकृतिक र सांस्कृतिक धरोहरलाई संरक्षित गर्ने ग्रामीण स्थलहरूको वैश्विक नेटवर्कमा शामेल भएकोछ । पैँसट्ठी  देशहरूका दुई सय सत्तरी भन्दा अधिक आवेदनहरूमा  बाउन्न गाउँहरूलाई चयन गरिएको थियो ।।

**32 निर्वाचन आयोग - बिहार**

निर्वाचन आयोगले घोषणा गरेकोछ, बिहार विधानसभा चुनाव र सात राज्यहरूको आठ सीटको उपचुनावका दिन सबै कर्मचारी, जसमा दैनिक र अस्थायी कर्मचारी पनि शामेल छन् , **सवेतनिक** अवकाशका हकदार हुनेछन् । आयोगले बताएको छ, जो मतदाता आफ्नो निर्वाचन क्षेत्रबाट बाहिर काम गरिरहेका छन्, तर मतदाताका रूपमा पंजीकृत छन् उनीहरू सबैलाई  यस

सुविधाको लाभ मिल्नेछ।

**34 सीपीआई - कृषि**

कृषि श्रमिहरूका लागि अखिल भारतीय उपभोक्ता मूल्य सूचकाङ्क वार्षिक आधारमा यस वर्ष सितम्बरमा शून्य देखी शून्य दशमलव शून्य-सात प्रतिशत तल रहयो , भने अगस्टमा एक दशमलव शून्य-सात प्रतिशत थियो। श्रम र रोजगार मन्त्रालय द्वारा जारी आंकड़ा अनुसार ग्रामीण श्रमिकको **मुद्रास्फीति** पनि अगस्तमा एक दशमलव **दुई -छ** प्रतिशत देखी घटेर शून्य दशमलव तीन-एक प्रतिशत रहयो। आंकड़ा अनुसार खाद्य **मुद्रास्फीति** सितम्बर महीनामा नकारात्मक रहयो भने पछिलो महीना वार्षिक आधारमा खाद्य सूचकाङ्कमा कृषि श्रमिकहरूका लागि दुई दशमलव तीन-पाँच प्रतिशत र ग्रामीण श्रमिकहरूका लागि एक दशमलव आठ-एक प्रतिशतको गिरावट देखीयो।

**18 विश्व शटगन च्यामपियनशिप**

भारतीय निशानेबाज **जोरावर सिंह सन्धूले** इतिहास रच्दै विश्व शट गन च्यामपियनशिपको पुरूष ट्र्याम्प स्पर्धामा कांस्य पदक जिते भने **एथेन्समा** फाइनलमा विपरीप परिस्थितीहरूमा **जोरावरले** पचास मा एकतिसमा निशाना लगाए। क्रोएशियाका **जोसेप ग्लासनोविक** र **स्पेनका एन्द्रेस गार्सिया-ले** स्वर्ण र रजत पदक जीते।

अनत्यमा मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले धनतेरसको अवसरमा सबैको खुशी, समृद्धि र राम्रो स्वास्थ्यको गर्नुभयो कामना
- जीएसटी two point ओ सुधारले देशको अर्थव्यवस्थालाई ठूलो बढ़ावा दिएको केन्द्रीय वित्त मन्त्रीको भनाई
- **स्लोवेनिया-को सुरम्य** शहर Blade-लाई संयुक्त राष्ट्रको पर्यटन एजेन्सीले आधिकारिक रूपमा यस वर्षको विश्वको सर्वश्रेष्ठ पर्यटन गाउँको रूपमा गर्यो नामाङ्कित , अनि
- बिहार विधानसभा चुनाव र सात राज्यहरूको आठ सीटको उपचुनावका दिन सबै कर्मचारी, **सवेतनिक** अवकाशका हकदार हुने निर्वाचन आयोगले गर्‍यो घोषणा